STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १८४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन २ गते शनिबार ❑ 17 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## गण्डकी प्रदेश सरकारको ७३ प्रतिशत बजेट खर्च

**पोखरापत्र संवाददाता**
**पोखरा, १ साउन**

गण्डकी प्रदेश सरकारले आर्थिक बर्ष २०७७/०७८ मा ७३ प्रतिशत बजेट खर्च गर्न सफल भएको छ।

प्रदेश सरकारले गत आर्थिक बर्षको असार मसारन्तरसम्म २५ अर्ब ७४ करोड १४ लाखले ७३ प्रतिशत खर्च गर्न सफल भएको गण्डकी प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रमुख इन्द्र प्रसाद पौडेलले बताए।

उनका अनुसार यसपाली भौतिक पूर्वाधार मन्त्रालयबाट करिब ८२ प्रतिशत बजेट खर्च गर्न सफल हुदा प्रदेशको बजेट खर्च अन्य बर्षको तुलानमा बढी भएको हो। ५ अर्ब ४२ करोड ४९ लाखको बजेट मध्य सामाजिक वि कास मन्त्रालयले आर्थिक बर्ष २०७७-०७८मा ६३.८२ प्रतिशत अर्थात ३ अर्ब ४६ करोड २० लाख रुपैया खर्च गर्न सफलभएको प्रदेश लेखा नियन्त्रक कार्यालय पोखराले जनाएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट ४६.५४ प्रतिशतमात्र बजेट खर्च भएको छ । २ अर्ब ५० करोड ७२ लाखको बजेट भएपनि उक्त कार्यालयबाट असार मसान्तरसम्म १ अर्ब १६ करोड ६९ लाख रुपैया खर्च भएको प्रमुख पौडेलले जनाए । उद्योग पर्यटन वन तथा वातावरणमन्त्रालयबाट आर्थिक बर्ष २०७७/०७८को असार मसान्तरसम्म७५.९५ प्रतिशत अर्थात १ अर्ब ४३ करोड २७ लाख खर्च भएको छ भने उक्त मन्त्रालयमा १ अर्ब ८८ करोड ६४ लाखको बजेट रहेको थियो।

आर्थिक बर्ष २०७७/०७८ मा ३४ अर्ब ८४ करोड २१ लाख रुपैयाको प्रदेशको बजेट रहेको थियो भने कोरोनाले गर्दा पनि २७ प्रतिशत अर्थात ९ अर्ब १० करोड ७लाख रुपैया खर्च हुन नसकेको पौडेलले जनाए । आर्थिक बर्ष २०७७/०७८ मा पुंजिगत तर्फ १७अर्ब ६१ करोड ४४ लाख अर्थात ६९ प्रतिशत खर्च भएको प्रमुख पौडेलले जनाए । त्यस्तै चालु तर्फ भने ६०.५ प्रतिशतले ८ अर्ब १२ करोड ६९ लाख खर्च भएको छ। प्रदेशको आर्थिक बर्ष २०७७/०७८ मा चालु तर्फ १४ अर्ब ३४ करोड २६ लाख ८४ हजार, पुंजिगत तर्फ १९ अर्ब ९९ करोड ९४ लाख७६ हजार र विक्तिय व्याबस्थापन तर्फ ५० करोड रुपैया विनियोजन गरिएको थियो । गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०७६-०७७मा ६३.७१ प्रतिशत बजेट खर्च गर्न सफल भएको थियो। कुल बजेट ३२ अर्ब १३ करोड ४७ लाख ९२ हजार मध्ये प्रदेश सरकारले आर्थिक बर्ष २०७६/०७७ मा २० अर्ब ४७ करोड २७लाख ८२ हजार ४ सय ६८ अर्थात ६३.७१ प्रतिशत खर्च गर्न सफल भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।आर्थिक वर्ष २०७५-०७६ माप्रदेश सरकारले करिब ६७ प्रतिशत मात्र बजेट गर्न गर्न सफलभएको थियो । पहिलो बर्षमाभने ५८ प्रतिशत बजेट खर्च गर्न सफल भएको थियो।

गण्डकी प्रदेश सरकारले चालु आर्थिक बर्ष २०७७/०७८ भन्दा आउँदो आर्थिक बर्ष २०७८/०७९ को लागि करिब १३ प्रतिशत कम बजेट ल्याएको छ।

## मुख्यमन्त्री पोखरेल भेरोसिल खोप लिएर गोरखाको चुमनुब्रीमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १ साउन**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली नेतृत्वको टोली भेरोसिल खोप लिएर शुक्रबार गोरखाको उत्तरी गाउँपालिका चुमनुब्री पुगेको छ।

उक्त गाउँपालिकाका लागि चाहिने ३ हजार खोप लिएर टोली हेलिकोप्टरमा गएको हो । चुमनुब्रीमा ३ हजार ५ सय खोप चाहिनेमा ५ सय जनाले यस अघि नै खोप लगाइसकेका छन् । मुख्यमन्त्री पोखरेलले प्रदेशका सबै नागरिकलाई छिटोभन्दा छिटो खोप उपलब्ध गराउन प्रतिबद्ध रहेको त्यसका लागि बजेटको समेत प्रबन्ध गरिसकेको बताए।

संघ सरकारमार्फत प्राप्त खोप प्रदेशको भण्डारण केन्द्रमा राखेर जिल्लाहरुमा पठाइएको र प्राथमिकता प्राप्त व्यक्तिहरुलाई उपलब्ध गराउने मुख्यमन्त्री पोखरेलले निर्देशन दिइसकेका छन् । भण्डारण क्षमता कम भएका कारण प्रदेशबाट तत्काल जिल्लामा पठाउने र त्यसपछि पालिकाहरुमा पठाएर खोप लगाउने गरिएको छ। अहिले चुमनुब्री पठाइएको खोप ३ हजार जनालाई नै उपलब्ध गराइने छ।

दोस्रो डोजका लागि फेरी प्रदेश सरकारले खोप पुर्‍याउने छ। खोपका साथमा मुख्यमन्त्रीसहितको टोलीले मास्क, सेनिटाइजर लगायत स्वास्थ्य सामग्रीसमेत लगेको छ । टोलीमा स्वास्थ्य तथा जनसंख्या मन्त्री मधुमाया अधिकारी गुरुङ, ऊर्जा, सिँचाइ तथा जलस्रोत मन्त्री हरिशरण आचार्य, प्रमुख सचिव डा. दामोदर रेग्मी छन् । माउन्टेल चाइल्ड संस्थाको सहयोगमा हेलिकोप्टरमार्फत् खोप चुमनुब्री पुर्‍याइएको हो । हेलिकोप्टरले पालिकाका ७ वटै वडाको केन्द्रमा खोप छाड्ने छ । बर्खा याममा बाढी पहिरोले बाटो बिगारेपछि एउटा वडाबाट अर्कोमा जान पनि समस्या रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. विनोदविन्दु शर्माले बताए।

## एमाले स्थायी कमिटीद्वारा कार्यदलको सहमति अनुमोदन

**रासस**
**काठमाडौं, १ साउन**

नेकपा (एमाले) को शुक्रबारको स्थायी कमिटीले पार्टीको विवाद समाधान कार्यदलको सहमतिलाई अनुमोदन गरेको छ।

ललितपुरको च्यासलस्थित तुल्सीलाल स्मृति प्रतिष्ठानमा भएको बैठकले एमालेका अध्यक्ष केपी शर्मा ओली र वरिष्ठ नेता माधवकुमार नेपालबीचको सहमतिमा गठित कार्यदलले गत असार २७ गते आन्तरिक विवाद मिलाउन १० बुँदे सहमति अनुमोदन गर्दै कार्यान्वयन गर्ने निर्णय गरेको हो।

एमालेका प्रवक्ता प्रदीपकुमार ज्ञवालीले १० बुँदे सहमतिलाई अनुमोदन गर्दै कार्यान्वयन गर्ने जानकारी दिए। बैठकले कार्यदललाई धन्यवाद दिँदै कार्यदलसमेत भङ्ग गरेको छ । बैठकले पार्टी अध्यक्ष ओलीको नेतृत्वमा रहेको सरकारले देश विकासमा ऐतिहासिक कार्य गरेको निर्णय गरेको छ । बैठकले पार्टी अध्यक्ष ओलीले संविधान कार्यान्वयन, राष्ट्रियताको सम्वर्द्धन गर्ने, मुलुकको आर्थिक र सामाजिक रुपान्तरण गर्ने, दिगो शान्तिको स्थापना गर्ने, पुनःनिर्माण सम्पन्न गर्ने, 'समृद्ध नेपाल र सुखी नेपाली' अभियानमार्फत मुलुकलाई अगाडि बढाउने काम गरेको निष्कर्ष निकालेको ज्ञवालीले जानकारी दिए । एमाले देशप्रति जिम्मेवार, संविधान र लोकतन्त्रको रक्षक एवं जनताको हितप्रति अटल रहँदै सक्रिय तथा रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्ने निर्णयसमेत गरेको पार्टी प्रवक्ता ज्ञवालीले बताए। पार्टीका प्रवक्ता ज्ञवालीले एमाले सशक्त प्रतिपक्षमा बस्ने र पार्टीका सांसदलाई सोही भूमिका निर्वाह गर्न निर्देशन दिने निर्णय गरेको जानकारी दिए। "सरकारलाई पार्टीको समर्थन नरहने र सरकारले विश्वासको मतसमेत नदिने निर्णय छौँ", उनले भने, "पार्टीका तर्फबाट निर्वाचित प्रतिनिधिसभाका सदस्यलाई वर्तमान सरकारलाई विश्वासको मत नदिने पार्टीको निर्णय पालना गर्न निर्देशन दिएका छौँ।"

उनले सधैभरी नै पार्टी बैठक रोक्न नसक्ने भएपछि आजको बैठक शुरु गरिएको बताए । "भीम रावल कमरेडले बैठक रोक्नु भनेपछि हामीले यसअघिका बैठक रोकेका हौँ", उनले भने, "कार्यदलका निर्णय पार्टीले कार्यान्वयन गर्दछ, तर सधै बैठक रोक्न सकिँदैन, पार्टी गतिविधि र लयमा अगाडि बढ्दै जान्छ।" वरिष्ठ नेता नेपाल पक्षका कार्यदलमा रहेका नेताले गृहकार्य गरेर मात्रै स्थायी कमिटीको बैठक राख्न आग्रह गरे पनि बैठकले औपचारिक कार्यसूची अघि बढाएको छ । नेपाल पक्षका कार्यदलका संयोजक भीम रावल, सदस्य घनश्याम भुसाल, गोकर्णराज विष्ट, भीम आचार्य र सुरेन्द्र पाण्डे बैठक रोक्न माग गर्दै बैठकस्थल पुग्नुभएको थियो। बैठक चलिरहेका बेला उनीहरु प्रवेश गरी सहमतिमा बैठक राख्न माग गरेर बाहिरि नुभएको थियो। सो सहमतिअनुसार पार्टीको संरचना २०७५ जेठ २ को अवस्थामा फर्कने छ भने नेकपा (माओवादी केन्द्र)बाट आएका रामबहादुर थापालगायतलाई स्वागत गरिएको छ। प्रतिनिधिसभा पुनःस्थापनासँगै नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्रीमा नियुक्त भएपछि पहिलो बैठक एमालेको स्थायी कमिटीको बैठक बसेको हो । नेता नेपाल पक्षका २३ सांसदले देउवालाई प्रधानमन्त्री बनाउन हस्ताक्षर गरेका थिए। एमाले संसदीय दलको बैठक अहिले बस्दैछ।

## त्याग रामजीबाट सिक्नु पर्छ : नेता केसी

**पोखरापत्र संवाददाता**
**पोखरा, १ साउन**



नेपाली कांग्रेसका नेता स्वर्गीय रामजी कुँवर पार्टीको सच्चा सिपाही भएको बताइएको छ । कुँवरको १२ औं दिनको तिथिमा नेपाल ट्रेड युनियन कांग्रेस गण्डकी प्रदेश समितिद्वारा आयोजित शोकसभामा नेपाली कांग्रेसका प्रभावशाली नेता अर्जुननरसिंह केसीले सिंगो ट्रेड युनियन मुभमेन्ट बुझेको, पार्टीमा असल चरित्रका हिस्सेदार भएको बताए।

नेता केसीले भने, 'चिनजान हुँदादेखि उनको शैली, त्यागी भावना र असल स्वभावले नै मलाई मन परेको नेता हो ।' उनले थपे रामजीको सम्मानमा ट्रेड युनियन कांग्रेसले स्मारिका प्रकाशन गरेर सच्चा सम्मान गर्नसमेत आग्रह गरे।

कास्की ट्रेड युनियन भवनलाई रामजी कुँवरको सम्मान हुनेगरी योजना बनाए पार्टीमा लाग्ने सवैको हित हुने धारणा व्यक्त गरे । रामजी कुँवरको सम्मानमा आफूले कुनै कसर बाँकी नराख्ने बताउँदै उनीजस्तै कार्यकर्ताको सम्मान सधै हुनुपर्ने बताए।

कार्यक्रममा नेपाली कांग्रेस कास्कीका सभापति कृष्ण केसीले रामजीकोमात्र निधन भएको होइन उनी नरहँदा कास्कीले धेरै हारेको बताए । शोकसभामा नेपाल ट्रेड युनियन कांग्रेस राष्ट्रिय समितिका उपाध्यक्ष तेजेन्द्रजंग कार्कीले असल अभिभावक गुमाउँदा जसरी घर विग्रन्छ त्यसरी नै ट्रेड युनियन कांग्रेसलाई ठूलो क्षति पुगेको बताए । पोखरा ६ वैदाममा जन्मेका कुँवरबाट पार्टी र संगठनले धेरै ज्ञान आर्जन गर्न सक्ने भन्दै नेता कार्कीले उनको निधनले पुर्‍याएको क्षति मापन गर्ने कुनै संन्यन्त्र नभएको दुःखेसो पोखे।

गण्डकी प्रदेश अध्यक्ष मुरारी शर्माको अध्यक्षतामा भएको सभामा शोक सभामा कांग्रेस नेता जगदिश्वर नरसिंह केसी, केदारनरसिहं केसी, एनटियुसीका उपमहासचिव राजेश पालिखे, नेपाल ट्रेड युनियन कांग्रेस केन्द्रीय सदस्य रस्सा गुरुङ, कास्की अध्यक्ष विजयराज भण्डारी,

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा २५ लाम्पाटाका स्थानियको घर घरमा पानी उपलब्ध गराउनु पर्ने सांसद बरालको माग

**पोखरापत्र संवाददाता**
**पोखरा, १ साउन**



गण्डकी प्रदेश सभा सदस्य रामजी प्रसाद बराल जीवनले पोखरा २५ लाम्पाटाको घर घरमा पिउने पानी उपलब्ध गराउनु पर्ने माग गरेका छन्।

सुनौलो टोल विकास संस्थाले विहिबार साँझ आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा वोल्दै सांसद बरालले अव्यबस्थित बसोबास रहेको लाम्पाटामा पिउने पानी उपलब्ध गराउनुपर्नेमा जोड दिएका हुन्। उनले भने "सुकुम्बासी बस्तीहरुमा त पिउने पानीको प्रायः सबै क्षेत्रमा पहुच पुगेको छ भने तपाईहरुले त केही न केही रकम तिरेर बसोबास गर्दै आउनु भएको छ, तपाईहरुले पनि अब बसाईसराई ल्याउनु पर्छ त्यस पछि पानी उपलब्ध गराउन हामीले पहल गर्छौं।" पोखरा महानगरपालिका वडा २५ को वडा कार्यालयले पनि उनीहरुलाई उक्त क्षेत्रमा बसोबास गरेको आधारमा बसाई अवधि खुल्ने पत्र दिनुपर्ने सांसद बरालको भनाई थियो । उनले भने "निर्वाचनका वेला पुरानो घर खोज्दै जाने तर २०–२५ बर्ष देखि यहाँ बस्ने अब तपाईहरुले यहीको बासिन्दा हुनु पर्छ।"

नेपाल खानेपानी संस्थालाई लाम्पाटन क्षेत्रमा पानी उपलब्ध गराउने बिषयमा हाल पाइप लाइन समेत बिच्छाउन बिषेश पहल गरेको बताएका सांसद बरालले अब पानी उपलब्ध गराउने बिषयमा सवैले सहयोग गर्नुपर्ने बताए। उनले भने "जहाँ पसिना बगाइन्छ, जहाँ श्रम गरिन्छ स्वभाविक रुपमा अधिकार प्राप्तीको लागि पनि त्यहीबाट लड्नु पर्छ।" पोखरा महानगरपालिका वडा नम्बर २५ का वडा अध्यक्ष शोभाखरतिमिल्सिनालेखानेपानीले जथभावी रुपमा पाइप लाइन विस्तार गर्ने जनप्रतिनिधिहरुसंग कुनै सहकार्य समेत नगरेको गुनासो गरे। पोखरा २५ मा जिआई पाइप केही व्यक्तिको घर घरमा भएको बताएका उनले खानेपानी वितरण गर्ने नाममा भ्रष्टचार समेत हुने गरेको उनको आरोप छ।

नेपाल खानेपानी संस्थापन पोखरा शाखाका प्रमुख आसिस कार्कीले आफुहरु एक प्रकारको व्यवसाय भएकोले पाइप लाइन विस्तार भएको स्थानमा पानी वितरण गर्न आफुहरु सकरात्मक भएको बताए।

संस्थाका अध्यक्ष बुद्धि बहादुर गुरुङको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा माओबादी केन्द्रका नेता माधवशरण पौडेल, नेपाली कांग्रेसका नेता दानबहादुर थापा, राष्ट्रिय जनमोर्चाका नेता तम बहादुर रोका, लाम्पाटा आमा समुहका अध्यक्ष धनदेवि सापकोटा, संस्थाका सचिव सुर्य सापकोटा, सदस्य रविन कार्की लगायतले अत्यावसेक सेवा पिउने पानी तत्काल उपलब्ध गराउनु पर्नेमा जोड दिएका थिए। आफुहरु विगत करिब २५ बर्ष देखि बसोबास गर्दै आएको लाम्पाटा क्षेत्रमा हाल १ सय ६१ घर परिवार रहेको स्थानिय रमेश देउजाले बताए। स्थानिय कुवंर परिवारबाट आफुहरुले निश्चित रकममा जग्गा लियर बसोबास गरेको उनको भनाई छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# पोखरा रङ्गशालामा खेलकूद प्रशिक्षण शुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १ साउन**

कोरोना भाइरस सङ्क्रमणको दोस्रो लहर नियन्त्रणका लागि लागू गरिएको निषेधाज्ञाका कारण रोकिएको खेलकूद अभ्यास र प्रशिक्षण पोखरामा आजदेखि शुरु भएको छ।

यसै वर्ष गण्डकी प्रदेशमा तय गरिएको नवौँ राष्ट्रिय खेलकूद तथा अन्तरराष्ट्रिय प्रतियोगितालाई लक्ष्य गरी प्रशासनको अनुमतिमा आंशिकरूपमा खेलकूद अभ्यास तथा प्रशिक्षण शुरु गरिएको जिल्ला खेलकूद विकास समितिका अध्यक्ष तोरणबहादुर बानियाँले बताउनुभयो।

सम्बन्धित खेल सङ्घले उपलब्ध गराएको खेलाडीको नामावलीअनुसार सिफ्ट विभाजन गरेर एक सिफ्टमा छदेखि १२ जना खेलाडीले प्रशिक्षण गर्ने उहाँको भनाइ छ । 'इनडोर' खेलका अभ्यास साँझ र बिहानमात्र सञ्चालन हुनेछन् । प्रारम्भमा क्रिकेट, लनटेनिस र मार्सल आर्टस्का प्रशिक्षण शुरु भएको र स्थिति सहज भएको खण्डमा भदौदेखि नै सबै खेलका प्रशिक्षण शुरु गर्ने तयारी गरिएको बताइन्छ। अध्यक्ष बानियाँले भन्नुभयो, "लामो सयम खेलकूद गतिविधि ठप्प हुँदा खेलाडीको प्रतिभा गुम्ने र उनीहरूमा निराशा उत्पन्न हुने भएकाले आंशिकरूपमा अभ्यास तथा प्रशिक्षण शुरुआत गरेका छौँ, गण्डकी प्रदेशको मुख्य प्रशिक्षणस्थल पोखरा रङ्गशालामा सरकारले तोकेको स्वास्थ्य मापदण्ड कडाईका साथ पालना गर्ने गरी प्रशिक्षण सञ्चालन गर्नेछौँ।"

गत वैशाख पहिलो सातादेखि पोखरामा सबै प्रकारका खेलकूद गतिविधि रोकिएका छन्। कोरोनाको दोस्रो लहर रोक्न वैशाख १६ देखि निषेधाज्ञा जारी गरेपछि रङ्गशाला पूर्णरूपमा बन्द भएको थियो । आसन्न नवौँ राष्ट्रिय खेलकूदको तयारीका लागि प्रशिक्षण शुरु गर्नुपर्ने भएकाले महानगर खेलकूद परिषद्, जिल्ला खेलकूद विकास समिति, प्रदेश खेलकूद परिषद् र राष्ट्रिय खेलकूद परिषद्का प्रतिनिधिसहितको छलफलले अभ्यास शुरु गर्न प्रशासनसँग आग्रह गर्ने निर्णय गरेको थियो । सोहीअनुसार असार ३१ गते कास्कीका प्रमुख जिल्ला अधिकारीले मापदण्ड पालना गर्ने गरी प्रशिक्षणका लागि अनुमति प्रदान गर्नुभएको बताइन्छ । गण्डकी प्रदेशमा नवौँ राष्ट्रिय खेलकूद प्रतियोगिता सञ्चालन गर्ने निर्णय तीन वर्षअघिनै भएको थियो । अघिल्लो वर्ष तय भए पनि कोरोनाका कारण निर्धारित समयमा सम्पन्न हुन नसकेपछि राष्ट्रिय खेलकूद परिषद् (राखेप)ले यस वर्ष राष्ट्रिय खेलकूद आयोजनाको तयारी गरेको छ। प्रतियोगितामा गण्डकीका ११ वटै जिल्लामा कम्तिमा एक खेल आयोजना हुने बताइन्छ।

# साउन ६ गतेदेखि खोप लिन जहाज नियमित चीन जाने

**रासस**
**काठमाडौँ, १ साउन**

कोरोना भाइरसविरुद्धको खोप 'भेरोसेल' लिनका लागि यही साउन ६ गते जहाज चीनतर्फ जाने भएको छ।

चिनियाँ खोप उत्पादक कम्पनीको नेपाललाई खोप उपलब्ध गराउने तयारी नपुगेकाले आगामी बुधबार मात्र नेपाल वायुसेवा निगमको वाइडबडी विमान चीनतर्फ जाने भएको हो। यसअघि असार ३१ गते चीन जाने भने पनि जहाजको तालिका परिवर्तन गरेर एक हप्ता पर सारिएको हो । निगमका अपरेशन विभाग प्रमुख दीपुराज ज्युहार्चनले यही साउन ६ गतेदेखि तीन उडानमार्फत नियमित खोप ल्याइने जानकारी दिनुभयो । उहाँका अनुसार चीनसँग खरीद गरिएका खोप लिन पौनै ६:०० बजे गएर अर्को दिनअर्थात् साउन ७ गते बिहान खोप लिएर जहाज नेपाल आउने छ। यस्तै साउन ७ गते पुनः जहाज गएर साउन ८ गते र साउन ९ गते गएर जहाजले साउन १० गते खोप नेपाल ल्याउने छ। चीन सरकारसँग ननडिस्क्लोजर सम्झौतानुसार सरकारले 'भेरोसेल' खोप खरीद गरेर ल्याउन थालेको हो। यसअघि असार २५ गते आठ लाख मात्रा खोप चीनबाट ल्याइएको थियो । सरकारले चीनबाट खोप ल्याएपछि नियमितरुपमा खोप अभियान पनि सञ्चालन गरिरहेको छ।

यसैगरी सरकारले खरीद गर्नेबाहेक कोभ्याक्स सुविधामार्फत पनि खोप ल्याइरहेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा कृष्णप्रसाद पौडेलले ६० लाख जनसङ्ख्यालाई पुग्ने खोप कोभ्याक्सले उपलब्ध गराउने प्रतिबद्धतानुसार खोप आइरहेको जानकारी दिनुभयो । सरकारले असार २८ गते अमेरिकाबाट १५ लाख ३४ हजार ८५० मात्रासहितको जोन्सन एण्ड जोन्सन खोप कोभ्याक्स सुविधाअन्तर्गत अनुदान सहयोग प्राप्त गरेको हो।

यसअघि कोभ्याक्स सुविधामार्फत तीन लाख ४८ हजार खोप भारतबाट प्राप्त भएको थियो। यस्तै जापान सरकारले कोभ्याक्स सुविधाअन्तर्गत जापानमै उत्पादित कोभिड-१९ विरुद्धको एस्ट्राजेनिका खोपको १६ लाख मात्रा नेपाललाई प्रदान गर्ने घोषणा गरेको छ । नेपालमा अहिलेसम्म ६५ लाख ८२ हजार ८५० मात्रा खोप आइसकेको छ।

स्वास्थ्य सेवा विभागका खोप तथा बालस्वास्थ्य शाखाका प्रमुख डा झलक शर्मा गौतमले कोभ्याक्समार्फत थप खोप आउन थालेको जानकारी दिनुभयो। कोभ्याक्समार्फत तीन लाख ५० हजार खोप आउन थालेको हो । सरकारले चीन र अमेरिकाले उपलब्ध गराएको खोप प्राथमिकताका आधारमा लगाइरहेको छ।

असार २९ देखि यही साउन २ गतेसम्म मुलुकभरि नै खोप लगाउन थालिएको हो। भेरोसेल ५५ वर्ष र सोमाथिका उमेर समूह तथा जोन्सन एण्ड जोन्सन खोप ५० देखि ५४ वर्ष उमेर समूहका सबै नागरिकलाई लगाइँदैछ। सरकारले १८ वर्षभन्दा माथिका कूल दुई करोड २० लाख जनसङ्ख्यालाई खोप लगाउने लक्ष्य लिएको छ।

नेपालमा अहिलेसम्म पहिलो मात्रा २६ लाख २१ हजार ४७६ र दोस्रो मात्रा ११ लाख आठ हजार ८६८ ले लगाइसकेका छन्। यहाँ कोभिशिल्ड, भेरोसेल र जोन्सन एण्ड जोन्सन खोप लगाइएको छ।

# थप दुई हजार ९३६ मा संक्रमण पुष्टि

**रासस**
**काठमाडौँ, १ साउन**

पछिल्लो २४ घण्टामा थप दुई हजार ९३६ जनामा कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार ९ हजार ६१३ जनाको पीसीआर तथा चार हजार ५६९ जनाको एन्टिजेन परीक्षण गरिएकामा क्रमशः दुई हजार ६ र ९३० जनामा कोरोना सङ्क्रमण पुष्टि भएको हो।

यस अवधिमा देशभर ४३ जना सङ्क्रमितको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । यो सङ्ख्या बिहीबारभन्दा नौ जनाले बढी हो । हालसम्म नेपालमा नौ हजार ५०६ जना सङ्क्रमितको मृत्यु भएको छ। त्यस्तै देशभर एक हजार ७५७ जना उपचारपछि निको भएर घर फर्किएका छन् । नेपालमा सङ्क्रमितको निको हुने दर ९४ दशमलव ५ प्रतिशत छ। नेपालमा हालसम्म छ लाख २८ हजार २४३ जना सङ्क्रमित निको भइसकेको स्वास्थ्य मन्त्रालयले जनाएको छ । हाल २४ हजार २७४ जना होम आइसोलेशनमा रहनुभएको छ भने दुई हजार ५५३ ले संस्थागत आइसोलेशन, ५७८ जना आइसीयू र १७४ जनाले भेन्टिलेटरमा उपचार गराई रहनुभएको छ।

# त्यास...

वरिष्ठ पत्रकार गंगाधर पराजुली, तेजप्रसाद रिजाल, कास्की सचिव रुद्रप्रसाद तिमिल्सिना लगायतले बोलेका थिए । शोकसभामा श्रमिक नेता मुक्तिराम श्रेष्ठले २०३८ साल सम्झदै रामजी कुँवरको त्याग, योगदान र सरल जीवनको चर्चा गरेका थिए। नेता कुँवरको निधनमा आइएलओ, विडब्लुआई, जिलाफ जापान लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाले समवेदना व्यक्त गर्दै ट्रेड युनियन क्षेत्रमा ठूलो क्षति पुगेको उल्लेख गरेका छन् । अन्तर्राष्ट्रिय संस्थाले उहाँबाट सिक्नुपर्ने विषय नेपालमा मात्र नभएर ट्रेड युनियन आवद्ध हरेक देशमा रहेको बताएका छन्। मजदुर नेता स्वर्गीय कुँवरले ट्रेड युनियन कांग्रेसले सधैं वर्गीय मुद्धा उठाउन सकेमात्र न्याय हुने बताउँदै आएको स्मरण गरेका थिए।




# शनिबारदेखि मनसुन सक्रिय हुने

**रासस**
**काठमाडौँ, १ साउन**

शनिबारदेखि मनसुन सक्रिय हुने भएको छ। जल तथा मौसम विज्ञान विभागले शुक्रबार एक बुलेटिन निकालेर शनिबारबाट सोमबारसम्म मनसुन न्यून चापीय रेखा नेपालको तराई भूभाग नजिक आउने तथा बङ्गालको खाडी अरबियन सागरबाट जलवाष्प युक्त हावा प्रशस्त मात्रामा आउने सम्भावना रहेकाले देशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जनाएको छ।

सुदूरपश्चिम, कर्णाली तथा लुम्बिनी प्रदेशका केही स्थानमा र बाँकी प्रदेशका थोरै स्थानमा धेरै भारी वर्षाको सम्भावना औँल्याइएको छ । देशका पहाडी भूभागमा पहिरो तथा गेग्रान बहावको जोखिम रहनका साथै ठूला तथा साना नदी नाला र खोलामा पानीको सतह बढ्न सक्ने तथा यातायात क्षेत्र प्रभावित हुनसक्ने भएकाले विभागले आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ।

हाल देशभर सामान्य बदली रही प्रदेश नं १, प्रदेश नं २, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा तथा बाँकी प्रदेशका एक दुई स्थानका हल्कादेखि मध्यम वर्षा भइरहेको छ । शनिबार देशभर सामान्यदेखि पूर्ण बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम तथा सुदूरपश्चिम, लुम्बिनी र गण्डकी प्रदेशका केही स्थानमा मेघगर्जनसहित भारी वर्षाको सम्भावना रहेको बताइएको छ। मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार आज काठमाडौँ उपत्यकामा २.२ मिलिमिटर वर्षा भएको छ।

# अवैध फोन नियन्त्रण गर्ने प्रणाली जडान

**रासस**
**काठमाडौँ, १ साउन**

नेपाल दूरसञ्चार प्राधिकरणले आजदेखि अवैध फोन नियन्त्रण गर्ने प्रविधि जडान गरेको छ।

आर्थिक वर्ष २०७८/०७९ को आयव्यय वक्तव्य सार्वजनिक गर्दै तत्कालीन अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आजदेखि नेपालमा अवैध मोबाइल फोन नियन्त्रणमा आउने बताउनुभएको थियो।

बजेट वक्तव्यमा नै उल्लेख गरेअनुसार प्राधिकरणले आजदेखि अवैध फोन नियन्त्रण गर्ने 'मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम' (एमडीएमएस) जडान गरेको हो। लामो समयको तयारीपश्चात् आजदेखि उक्त प्रणाली जडान गरिएको हो । प्राधिकरणले मोबाइल सेटको आयात पूर्व अनिवार्यरुपमा प्राधिकरणबाट स्तर स्वीकृति गर्न तथा आइएमइआई नम्बर दर्ता गर्नुपर्ने प्रावधान रहेको भन्दै मोबालल डिभाइस म्यानेजमेन्ट सिस्टम लागू भएको जनाएको छ । प्राधिकरणले एक सूचना सार्वजनिक गर्दै एमडीएमएस सिष्टम लागू भए पनि हाल सञ्चालनमा रहेका मोबाइल फोन सञ्चालनमा कुनै अवरोध नहुने जनाएको छ । "पहिलो चरणमा व्यावसायिक आयातकर्ताले मोबाइलको आयात गर्दा आइएमइआई रजिष्ट्रेशन मोबाइल डिभाइस मेनेजमेन्ट सिस्टममार्फत गर्ने व्यवस्था मिलाइएको छ, उक्त प्रणालीलाई क्रमशः पूर्णरुपमा लागू गरी मोबाइलको आयात एवं प्रयोगलाई थप व्यवस्थित, भरपर्दो र सुरक्षित बनाइनेछ", सूचनामा भनिएको छ।


एमडीएम प्रणालीले कर प्रणाली छलेका, नक्कल गरिएका र चोरीका मोबाइल दूरसञ्चार सेवामा प्रयोग गर्न नमिल्ने काम गर्छ । एमडीएमएसको सफ्टवेयर तथा हार्डवेयर राख्न प्राधिकरणले चाबहिलस्थित भवन निमार्ण गरेको छ।

# थप १६ लाख मात्रा खोप अनुदान दिने चीनको निर्णय

**रासस**
**काठमाडौँ, १ असार**

चीन सरकारले नेपाललाई थप १६ लाख मात्रा खोप अनुदानस्वरूप उपलब्ध गराउने निर्णय गरेको छ।

प्रधानमन्त्री शेरबहादुर देउवासँग शुक्रबार प्रधानमन्त्री निवासमा शुक्रबार अपराह्न भएको शिष्टाचार भेटमा नेपालका लागि चीनका राजदूत हउ यान्छीले चीन सरकारको हालैको उक्त निर्णयबारे जानकारी दिनुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ । परराष्ट्र मन्त्रालयकोसमेत कार्यभार सम्हाल्नुभएका प्रधानमन्त्री देउवाले खोप सहायताका निम्ति चिनियाँ सरकारप्रति आभार प्रकट गर्दै कोभिड-१९ विरुद्धको प्रतिकार्य र पुनःआरोग्य प्राप्तिमा नेपाललाई थप सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो । त्यस अवसरमा उहाँहरूबीच नेपाल-चीन सम्बन्धका विविध विषयमा विचारविमर्श भएको थियो। राजदूत यान्छीले खोपसहायतालगायत अन्य माध्यमबाट पनि कोभिड-१९ महामारीविरुद्धको नेपालको लडाइँमा चीनबाट निरन्तर सहयोग हुने प्रतिबद्धता व्यक्त गर्नुभएको उक्त मन्त्रालयले बताएको छ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

### सालतमामी आ.व. २०७७/०७८ को अन्त्य

# सरकारी बजेट कार्यान्वयन र सालतमामी एक विहङ्गम दृष्टि

शिव प्रसाद गौतम

नेपालमा सरकारी बजेट खर्च गर्ने अवधि श्रावण १ गते प्रारम्भ भएर असार मसान्तमा अन्त्य हुन्छ । अहिले आर्थिक वर्ष २०७७ श्रावण १ देखि चैत्र मसान्त ९ महिना र ०७८ वैशाख, जेष्ठ र असार ३ महिना २०७८ सालमा पर्दछन् । सर्वप्रथमतः आर्थिक वर्षको समयावधि नै मिलेको छैन । सरकारी काम गर्ने परम्परा हिउँदका दिनमा कानमा तेल हालेर बस्ने र 'जब पऱ्यो राति तब बुढी ताती' भन्ने उखान अनुसरण गरेर वर्षादको समयमा आएर सरकारी काम गरिन्छ । यो परम्परा अत्यन्त निन्दनीय र भ्रष्ट परम्परा हो । जबसम्म समयमा काम गर्ने परम्परा बस्दैन तबसम्म देश विकास हुँदैन । कृषकले खेती गर्ने वर्षा टाइममा विकास निर्माणका काम गर्ने नाममा झारा टारेर अन्धाधुन्ध सरकारी बजेट दुरुपयोग गरिन्छ । यस्तो दुष्कर्मको अन्त्य हुनुपर्दछ । आर्थिक वर्ष भनेको नयाँ आर्थिक योजना प्रारम्भ गरिने वर्ष हो । २०७८ श्रावण १ गतेदेखि २०७९ असार मसान्तसम्मको अवधि नयाँ आर्थिक वर्ष हो । आर्थिक भनेको धन सम्पत्ति सम्बन्धी वित्तीय नीति हो । राजनीति तथा समाजशास्त्रका अनुसार धन सम्पत्ति तथा यसको आर्जन, उत्पादन, विभाजन, वितरण आदिसित सम्बन्ध राख्ने नीति आर्थिक नीति हो। सरकारले देशको आय-व्यय सम्बन्धी व्यवस्थाका निम्ति तर्जुमा गरी निकालेका ऐन नियमहरु देशका आर्थिक ऐन नियमहरु हुन् । राष्ट्रिय सम्पत्तिको आय व्यय गरिने नीति तथा प्रक्रिया देशको आर्थिक प्रणाली हो ।

सरकारी बजेट प्रणालीको बारेमा जानकारी नभएका नागरिक मात्र होइन माथिल्लो ओहोदामा कार्यरत नेता र प्रशासकहरुलाई पूर्ण ज्ञान नभएको अवस्था नेपालमा छ। विश्वका अर्थविदहरुले बजेटको बारेमा आआफ्ना परिभाषा दिएका छन्। सामान्य अर्थमा सरकारी बजेट भन्नाले कुनै तोकिएको अवधिको आय र व्ययको अनुमानलाई जनाइन्छ । सरकारी बजेट भन्नाले व्यवस्थापिकाको स्वीकृति प्राप्त गर्न कार्यकारिणी मन्त्री परिषद्ले गत वर्षहरुको आर्थिक संचालन र वर्तमान मुलुकको आर्थिक अवस्थालाई ध्यानमा राखी देशको आर्थिक तथा सामाजिक विकास गर्न र सालबसाली खर्च बेहोर्न सरकारले गर्न खोजेको विकास तथा प्रशासनिक खर्चहरू बेहोर्ने साधनहरुको अनुमानित विवरणलाई जनाउँछ । यस अर्थमा बजेट एउटा योजना हो । किनभने यो देशको आर्थिक, सामाजिक र राजनीतिक नीतिद्वारा पथ प्रदर्शित हुन्छ । वास्तवमा बजेट सरकारको वार्षिक लक्ष्य तथा कार्यक्रमहरुको आर्थिक अभिव्यक्ति हो । बजेट व्यवस्था प्रजातान्त्रिक विचारधाराको अनुकूल पद्धति हो । यस व्यवस्था अनुसार सरकारले जनताबाट करको रुपमा राजस्व उठाउन र खर्च गर्न व्यवस्थापिकाबाट स्वीकृति लिई अधिकार प्राप्त गर्नुपर्दछ ।

कार्यपालिकाले (मन्त्रीपरिषद्ले) प्रत्येक आर्थिक वर्षका लागि व्यवस्थापिकामा (संसद) बजेट पेस गर्दछ । संसदले दफावार छलफल गरेर पास गर्छ र त्यसपछि राष्ट्राध्यक्ष (राष्ट्रपति) बाट लालमोहर (स्वीकृत) लागेपछि आर्थिक ऐन याने बजेट रुप लिन्छ । यसरी संसदले पास गरेको बजेट मन्त्रीपरिषद्ले संसद् मा पेस गरेर रकमान्तर गराउनु पर्नेमा मनपरी किसिमले आर्थिक अनुशासनलाई तोडेर आर्थिक वर्षको अन्त्यमा आएर गैरकानुनी तवरले कार्यपालिकाले खर्च गर्छ । यो आर्थिक अनुशासन हिनताको पराकाष्टा हो । पदको दुरुपयोग गरी भ्रष्टाचार गरी अकुत सम्पत्ति जोड्ने नेपालका नेत र प्रशासनको घिन लाग्दो प्रवृत्ति हो ।

अहिले नेपालमा संघीय लोकतान्त्रिक शासन व्यवस्था छ । यो व्यवस्थाको माध्यमबाट देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने संविधान सभाबाट पारित नेपालको संविधान, २०७२ को प्रस्तावनामा उल्लेख गरिएको छ । संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सकरार छन् । तीनै तहका आआफ्ना आर्थिक कार्यप्रणाली छन् । संघीय सरकारले धारा ११९ राजस्व र व्ययको अनुमानको उपधारा (३) नेपालका सरकारको अर्थ मन्त्रीले उपधारा (१) बमोजिमको अर्थ मन्त्रालयका कर्मचारीहरुले अतिरिक्त समयमा भत्ता खाएर तयार गरेको राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष जेठ महिनाको १५ गते रु. १०,००,०००/- दश लाख बजेट भाषण गरे बापत भत्ता खाएर संघीय संसदम पेशा गर्ने व्यवस्था छ । अहिले संसद विघटन गरी अद्यादेशको माध्यमबाट बजेट ल्याइएको छ। प्रदेश कार्यपालिकाको अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको अन्त्यतिर समय मिलाएर प्रदेश संसद समक्ष धारा २०७ अनुसार राजस्व र व्ययको अनुमान (१) को उपदफा (२) अनुसार बजेट पेस गर्छन् । त्यस्तै स्थानीय कार्यपालिकाले स्थानीय आर्थिक प्रणाली अन्तर्गत संधिवानको धारा २३० गाउँपालिका र नगरपालिकाको राजस्व र व्ययको अनुमान (१) संविधानको अधिनमा रही गाउँपालिका र नगरपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानुन बमोजिम गाउँ र नगर सभामा पेश गरी पारित गराउने व्यवस्था छ । अहिले अधिराज्यभरिका स्थानीय निकायले आफ्नो बजेट पारित गराइसकेका छन् ।

यसरी तीन तहका सरकारले आआफ्ना बजेट बनाउने प्रक्रिया आएपछि जनताले पनि तिनै तहका सरकारलाई कर तिर्नु पर्दा जनतालाई आर्थिक बोझले ढाड नै सेकेको छ । केन्द्रीय प्रदेश र स्थानीय कर तिर्न जनता सक्षम छन् त भनेर सरकारले सोचेका छैनन् । जनता भर्सेला परुन सरकार चलाउनेहरुलाई कुनै मतलब छैन । विकास निर्माण गर्ने कुरामा आर्थिक वर्षका एघार महिना चुप लागेर बस्छन् । जब असार महिना कृषकले खेती गर्ने समय बाढी र पहिरो आउँछ तब सरकारी विकास निर्माणका काम सुर गरिन्छ । जब पऱ्यो राति तब बुढी ताती भन्ने उखान चरितार्थ हुन्छ । असारको झरीमा देशको विकास निर्माण गर्ने जिम्मा पाएर तलब भत्ता र अन्य सुविधा भोगचलन गरेका राष्ट्र सेवक प्राविधिक, योजनाविद् अर्थविद् र प्रशासकहरुलाई आर्थिक वर्ष २०७७/०७८ को अन्त्य हुन लागेकोले दिन रात खटेर रातको निद्रा न दिनको भोक गरी खटिएको बहानाको गरी असारमा बाढी आएर खोला नाला नदी र पैह्रो गए जस्तै छ । यही समयमा आएर विद्युत पावर हाउस सिंचाइ, बाटो, पूल, सरकारी भवन बनाउने काम भ्याइ नभ्याइ छ । काम गरेको देखाइन्छ, बाढी पहिरोले पनि लगेकै छ । कति हाइसन्चो काम गरेको चाहिँ कसले लग्यो सबैले देखेकै कुरा हो । बाह्र महिनामा गर्ने काम हो त्यही समयभित्र गरेत भैहाल्यो नि हैन र ? प्राविधिक मूल्याङ्कन, भौतिक सामग्री र मजदुरले काम गरेका डोर हाजिरी फारमहरु भैहाल्छन् । स्रेस्ता मिलाएर खर्च गरेपछि योजना पूर्ण भैहाल्छ । आखिर सरकारी आम्दानी खर्चको डकुमेन्ट मिलाउने हो मिलाइएकै हुन्छ । काले कले मिलेर खाउँ भाले भन्ने कुरा काममा सहभागिता सबैमा हुन्छ। यही गरेका छन् ।

योजनाको लागत अनुमान अनुमान, टेण्डरीङ गरेर काम गराउने ठेकेदारको व्यवस्था र कामको सुपर भिजन गर्ने प्रायः योजनाहरुको लागि एउटै प्राविधिक, इन्जिनियर, ओभरशियर हुन्छन् । राष्ट्रिय योजना आयोगले कार्यान्वयन भएका योजनाको गुणस्तर कायम भएको छ छैन भनेर अनुगमन मूल्याङ्क गरेको पाइँदैन। नियमितता कार्यदक्षता, प्रभावकारिता मित् व्ययिता र औचित्यताका आधारमा सरकारी काममा भएको खर्चको जाँच गरी योजनाको गुणस्तर जाँच्ने निकायहरु आफै बोक्सी आफै झाक्री भएका छन् । योजनाहरु निर्माण गर्दा गर्दै भत्केका र निर्माण भएका केही दिनमा मर्मत सम्भार गर्नु पर्ने र भत्केका उदाहरण प्रशस्त छन् । योनजाको आयु निर्धारण गरेर त्यसअनुसार योजना निर्माण गर्ने परम्परा पनि छैन । हाम्रो देशमा विकास निर्माणमा लगाएको लगानी बालुवामा पानी भएको छ । मित्र राष्ट्रले आफैले बनाइदिएका योजना मजबुत छन् । हाम्रो आफ्नै सरकारले निर्माण गरेका योजना काम सम्पन्न नहुँदै भत्केर जान्छन् । नेपालमा बजेट काहाँ पोखियो ? आफ्नै पकेटमा, बजेट लिन गएका बूढा/बूढी सत्तामा डुबेर मरे ।

नेपालमा साधारण (चालु) (पुँजीगत) र विकास दुई प्रकारका बजेट छन् । साधारण बजेट मुलुकको प्रशासन सञ्चालन गर्न र विकास बजेट देशमा निर्माण गर्नु पर्ने कार्य योजनाहरुका लागि हो। विकास बजेट विकासे अड्डाहरु सडक, सिंचाइ, कृषि, वन, भौतिक निर्माण जस्ता कार्यालयहरुमा र साधारण बजेट जिल्ला प्रशासन, न्यायालय, मालपोत नापी जस्ता जनसम्पर्क हुने कार्यालयमा हुन्छ । निकास कार्यालयमा विकास बजेट बाहेकको प्रशासनिक बजेट पनि हुन्छ । विकासे अड्डाका राष्ट्र सेवकले प्रशासनिक निकायलाई त्यति वास्ता गर्दैनन् । विकासे अड्डाहरुमा आवास, सवारी साधन जस्ता सुविधा हुन्छन् । अन्यमा यी सुविधा कमै हुन्छन् ।

सरकारको नयाँ स्रेस्ता प्रणालीअनुसार बजेट सम्बन्धी र अन्य कारोबार सम्बन्धी खाताहरु पूरा आर्थिक वर्षको लागि चलेको भए सो आर्थिक वर्षको अन्त्यमा र पटके भए सो काम समाप्त हुनासाथ बन्द गर्नुपर्छ । अर्थात् सालतमामी भनेको एक आर्थिक वर्ष नेपालको सन्दर्भमा श्रावणदेखि आषाढसम्मको अन्तिम अवधिलाई जनाउँछ । यसले एक आर्थिक वर्ष भित्र भएको बजेट निकासा तथा खर्चको हिसाबलाई जनाउँछ । अहिले सालतमामीको समय छ । विकासे अड्डाहरु विकास बजेट जसरी पनि समाप्त गर्ने कार्यमा जुटेका छन् । विकासे अड्डाको हाकिम प्राविधिक र लेखाका कर्मचारीहरुलाई त चाडबाड नै आएको छ । यो बेलामा सालतमामी भोज खाने पनि गर्छन् । सालतमामी भोज खाने भनेर बजेट त छुट्टिएको हुँदैन अन्य शीर्षकको बजेट मिलाएर कार्यालयका सबै कर्मचारीहरुलाई एक छाक भोज ख्वाउने काम प्राविधिकले गर्दछन् । विकासका काममा सहभागी नहुनेहरुलाई विरोध गर्ने अवसर नदिन मुखमा बुजो लगाउन सालतमामी भोज गर्ने चलन पनि सुन्नमा आउँछ । विकासे अड्डामा उठाएको कमिसन कार्यालय, विभाग मन्त्रालयसम्म भाग विलो पुऱ्याइन्छ । आ.ले.प. म.ले.प. पनि भागवण्डामा पर्दछन् । मन्त्रालयका मन्त्री सचिवका सन्ततिहरु आर्थिक वर्ष व्यतित भएपछि मातहतका कार्यालयहरुमा रकम उठाउन पुग्छन् । यो व्यवस्था गर्न नसक्ने कार्यालय प्रमुखलाई सरुवा गरेका गुनासाहरु पनि सुनिन्छन् । यही कारणले बढुवा नपाएका गुनासाहरु पनि आउँछन् । नेपालमा खान र खुवाउन सिपालु राष्ट्र सेवकहरु मात्र कुशल साबित हुन्छन् ।

राज्यका तर्फबाट वितरण हुने सम्मान पदक पुरस्कारहरू पनि घुस ख्वाउनेहरू नै पाउँछन् । जुन सुकै राजनीतिक व्यवस्था मुलुकमा बहाली भए पनि देशले आर्थिक अनुशासन कायम भएर विकास निर्माण गर्ने अवसर पाएको छैन । अकाशमा उडिरहेको चराले माथिबाट सरसर्ती तल हेर्दा जमिनको दृश्य देखे भैँ कुनै काम कुरा प्रति मोटामोटी र संक्षिप्त रुपले हेरिने क्रिया, सूक्ष्म निरीक्षण परीक्षण नभएर सरसर्ती सामान्य दृष्टि सम्म नदिने परम्पराले हाम्रो विकासको गति अग्रगति हैन अधोगति तर्फ गइरहेको छ।

# 'के म तपाईँलाई सहयोग गर्न सक्छु ?'

**पोखरापत्र संवाददाता**
**बागलुङ, १ साउन**

कोरोना महामारीका कारण मुद्दा फछ्र्योट कम भएको छ । उच्च अदालत पोखरा, बागलुङ इजलासले चालु आवमा कोरानाकै कारण मुद्दा फछ्र्योटमा कमी आएको हो ।

गत आवबाट जिम्मेवारी सरी आएका १४९ सहित कूल ३५२ मुद्दा रहेकामा हालसम्म १७७ मात्र फछ्र्योट भएको अदालतका रजिष्ट्रार मोहन सुवेदीले जानकारी दिनुभयो । यो ५०.२९ प्रतिशत हो । सहज स्थितिमा अदालतले लक्ष्यभन्दा बढी मुद्दा पर्छ्योट गर्ने गरेको थियो । गत आवमा पनि महामारीकै कारण कम मुद्दा फछ्र्योट भएका थिए । सो आवमा ३१३ मुद्दा अदालतमा रहेकामा १६४ मात्र मुद्दाको किनारा लागेको थियो । लगातार दुई आवमा कोरोनाले मुद्दा छिन्ने प्रक्रियामा प्रभाव पारेको हो । आव २०७५/७६ भने फछ्र्योट हुने मुद्दाकोसङ्ख्या२८७थियो।पचासी मुद्दा मात्र यसपछिका आवमा जिम्मेवारी सरेर आएका थिए ।

अदालतमा १७५ मुद्दा फछ्र्योट हुन बाँकी रहेको उहाँले बताउनुभयो । "असी प्रतिशतसम्म मुद्दा फछ्र्योट हुन्थ्यो, यस वर्ष कोरोनाका कारण ५० प्रतिशत मात्र हुन सक्यो", उहाँले भन्नुभयो । बन्दाबन्दी र निषेधाज्ञाका कारण लामो समय अदालतको सेवा पनि प्रभावित बन्न पुगेको थियो । प्रतिकूल परिस्थितका कारण मुद्दा पर्छ्योट कम भए पनि अदालतमा दुई वर्षभन्दा बढी अवधिका मुद्दाको सङ्ख्या भने शून्य छ ।

छ महिनाभित्रका ७६, छदेखि एक वर्षभित्रका ४३, एक वर्षदेखि १८ महिनाभित्रका ३३ र १८ महिनादेखि दुई वर्षभित्रका २३ मुद्दा फछ्र्योट गर्न बाँकी छन् ।

मुख्य न्यायाधीश द्वारिकामान जोशीलेले न्याय सेवालाई छिटो र छरितो बनाउँदै लगिएको जानकारी दिनुभयो ।

अदालतप्रतिको परम्परागत धारणालाई चिर्ने गरी सेवाग्राहीमैत्री हिसाबले कार्य सम्पादन भइरहेको उहाँको भनाइ छ। "सेवाग्राहीमा यो मेरो अदालत हो भन्ने भावना जगाउनुपर्छ", उहाँले भन्नुभयो । अदालतले सेवाग्राहीको सहजताका लागि छुट्टै सहयोगी कर्मचारीसमेत खटाएको छ। 'के म तपाईँलाई सहयोग गर्न सक्छु ?' व्होरा अङ्कित ज्याकेट पहिरिएका कर्मचारीले अदातलको सेवा प्रवाहमा सेवाग्राहीलाई सहजीकरण गर्ने गरेका छन् ।

# 'टेलिमेडिसिन' सेवा शुरु

**पोखरापत्र संवाददाता**
**बागलुङ, १ साउन**

बागलुङमा अन्तराष्ट्रियस्तरको'टेलिमेडिसिन' सेवा शुरु भएको छ । बेलायतमा रहेका विभिन्न सङ्घसंस्था र अन्तराष्ट्रिय बागलुङ समाजको सहयोगमा बागलुङ नगरपालिकाले 'टेलिमेडिसिन' सेवा शुरु गरेको हो ।

बागलुङ नगरपालिकामा रहेको नगरस्वास्थ्य शाखाबाट सेवा सुचारु गरिएको स्वास्थ्य शाखाका प्रमुख रामप्रसाद खनालले जानकारी दिनुभयो । शुक्रबार नगरप्रमुख जनकराज पौडेलले 'टेलिमेडिसिन' सेवा शुभारम्भ गर्नुभएको छ। तत्कालका लागि सदरमुकाममा खुलेको 'टेलिमेडिसिन' सेन्टर विस्तारै दुर्गम गाउँका स्वास्थ्य चौकीमा विस्तार गरिने पौडेलले बताउनुभयो । जटिल प्रकारकासमस्या'टेलिमेडिसिन'का माध्यमबाट समाधान गरिने लक्ष रहेको प्रमुख प्रशसकीय अधिकृत जीवन ज्ञवालीले बताउनुभयो । अनलाइनमार्फत विदेशीविशेषज्ञचिकित्सकलेसमेत उपचार तथा परामर्शमा सहभागी हुनेछन्। नगरपालिका, एनआरएन युके, स्वीनफेन च्यारिटेबल ट्रष्ट बेलायत, अन्तराष्ट्रिय बागलुङ समाज र चार भञ्ज्याङ तमु समाज बेलायतको संयुक्त सहकार्यमा नगरपालिकामा 'टेलिमेडिसिन' सेवा सुरु भएको हो । अन्तराष्ट्रिय बागलुङ समाजका कार्यालय प्रमुख सुरेन्द्र कँडेलले भन्नुभयो "कागजात पेश भएको एक घण्टामा चिकित्सकले सल्लाह, निदानको उपाय र औषधिको विषयमा जानकारी गराउनुहुन्छ।"

वर्षको एक पटक चिकित्सकले बिरामीको प्रत्यक्ष जाँच र रोगको खोजपड्ताल गर्ने उहाँले बताउनुभयो । पर्वतको फलेवास नगरपालिकामा सञ्चालन रहेको 'टेलिमेडिसिन' सेवा प्रभावकारी देखिएको भन्दै सोही नक्कल गर्दै बागलुङमा सेवा थालिएको हो । कार्यक्रम प्रभावकारी भएमा जिल्लाको ढोरपाटन नगरपालिका, जैमिनी नगरपालिकाबरेखागाउँपालिकालगायतका स्थानसमेतमा 'टेलिमेडिसिन' शुरू गरिने अन्तराष्ट्रिय बागलुङ समाजका कार्यालय प्रमुख कँडेलले जानकारी दिनुभयो ।

# एकै गाउँका १२ बालबालिका कोरोना सङ्क्रमित, नयाँ भेरियन्टको आशङ्का

**पोखरापत्र संवाददाता**
**पर्वत, १ साउन**

पर्वतको एउटा गाउँमा १२ बालबालिकामा कोरोना सङ्क्रमण पुष्टि भएको छ ।

कुश्मा नगरपालिका-८ चुवामा १२ बालबालिका कोरोना सङ्क्रमित भएका हुन् । जिल्लाभर बालबालिका सङ्क्रमित कम मात्रामा भइरहेको अवस्थामा पछिल्लो एक हप्तामा चुवामा एकैपटक १२ बालबालिका सङ्क्रमित भएका हुन् । वडाध्यक्ष राजकुमार क्षेत्रीका अनुसार १३ महिनादेखि ११ वर्ष उमेर समूहका बालबालिका सङ्क्रमित भएका हुन् । रुघाकोखी, ज्वरोलगायतका लक्षण देखिएपछि गरिएको परीक्षणमा सङ्क्रमण पुष्टि भएको उहाँले बताउनुभयो । उहाँले बालबालिका धमाधम सङ्क्रमित भएकाले यो नयाँ खालको भेरियन्टको आशङ्का गरिएको बताउनुभयो । अनुसन्धानकर्ताले तेस्रो लहरको सङ्क्रमणले बालबालिका प्रभावित हुने प्रक्षेपण गरेका थिए । पर्वतको यो सङ्क्रमणको घटना तेस्रो लहरको सङ्केतकारुपमाव्याख्यागरेपनिभेरियन्टको परीक्षण गर्न स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशलाई अनुरोध गरिएको वडाध्यक्ष क्षेत्रीले बताउनुभयो । चुवामा मात्रै अहिले बालबालिकासहित विभिन्न उमेरका ४२ जना सक्रिय सङ्क्रमित रहेका छन् । वडाले स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानी र अक्सिजनसहितको आइसोलेशन सञ्चालन गरेको छ।

सङ्क्रमितलाई निःशुल्क उपचार, औषधि र अक्सोमिटरसमेत वितरण गरिँदै आएको छ । पर्वतमा सक्रिय सङ्क्रमितको सङ्ख्या २०० रहेको छ। दोस्रो लहरमा सङ्क्रमित भएका दुई हजार १४६ मध्ये एक हजार ९२१ जना निको भएका हुन् । कोरोना सङ्क्रमणबाट अहिलेसम्म ५८ जनाले ज्यान गुमाएका छन् ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : कार्यमा सफलता | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : व्यापारमा लाभ |

**हरिसिद्धि भविस्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत, माटो हेर्नका लागि सम्पर्कनुहोस् ।


# मनाइयो साउने (कर्कट) संक्रान्ति

**रासस**
**काठमाडौं, १ साउन**

सूर्यले मिथुन राशिको भोग पूरा गरी कर्कट राशिमा प्रवेश गर्ने पहिलो दिन आज देशभर साउने सङ्क्रान्ति पर्व मनाइएको छ।

साउनदेखि नै सूर्य दक्षिण हुँदै हिँड्ने भएकाले आजैदेखि दक्षिणायन शुरु हुन्छ। माघ १ गते शुरु हुने उत्तरायण र साउन १ गते शुरु हुने दक्षिणायनका दिनलाई विशेष रूपमा मनाउने गरिन्छ । अधिकांश नेपाली खेतीमा लाग्ने भएकाले असार महिनाभर कृषि कर्ममा व्यस्त हुन्छन् । त्यसक्रममा हिलो मैलोले लाग्ने छालासम्बन्धी रोग ठीक गर्न लुतो फाल्ने गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्व अध्यक्ष प्रा डा रामचन्द्र गौतम बताउनुहुन्छ । एक महिना काम गर्ने किसान साउन १ गते आफन्तका साथ जम्मा भई रमाइलो गेर मनाएका हुन् । परम्परानुसार कागभलायो, कुकुरडाइनो, लुतेभार, पानीअमला, कागती, अम्बा, नासपती आदि औषधिका रूपमा समेत प्रयोग हुने वनस्पति राखेर कण्डारक नाम गरेका राक्षसको पूजा गरी बेलुकी अगुल्टो फाल्ने विधि छ । यो विधि बेलुकी सम्पन्न गरिन्छ।

लुतो फाल्दा आ आफ्नो कुल परम्परानुसार नाङ्लो ठटाउने, शङ्ख फुक्ने, घण्ट बजाउने, ढोका बन्द गर्ने चलन नेपाली समाजमा छ । साउन महिनालाई विशेषरूपमा भगवान् शिवको पूजा गरेर मनाइन्छ। महिलाले हरियो चुरालगायत कपडा लगाएर प्रकृतिसँग नजिक भएको देखाउने गरिएको पनि अध्यक्ष गौतमले बताउनुभयो। साउन महिनाभर देशभरका शिवालय विशेषगरी पशुपतिनाथ मन्दिरमा भक्तजनको विशेष भीड लाग्छ । साउन महिना शिवजीको र सोमबारलाई शिवको बार भनिन्छ । यसैले साउन महिना एवं सोमबार शिवालयमा भक्तजनको विशेष भीड लाग्छ। यसवर्ष कोरोना भाइरसको सङ्क्रमणको कारण आफन्तकहाँ जान सहज भएन । यसैले धेरैले घरमै परिवारका सदस्यबीच रमाइलो गरी पर्व मनाएका छन्।

# अन्तरक्षेत्रीय व्यापार वृद्धिमा नेपालको जोड

**रासस**
**काठमाडौं, १ साउन**

नेपालले सहज एवं कम लागतमा विश्व बजारसम्म पहुँच विस्तार गर्नु भूपरिवेष्टित राष्ट्रका उच्च प्राथमिकता भएका वास्तविकता औँल्याउँदै अन्तरक्षेत्रीय व्यापारको बढोत्तरी, भौतिक सम्पर्क सञ्जाल र पारवहन सुधार तथा लगानी-व्यापार प्रवाहमा जोड दिएको छ।

'मध्य तथा दक्षिण एशियाः क्षेत्रीय सम्पर्क, चुनौती तथा अवसर' विषयमा उज्वेकिस्तानको राजधानी तासकेन्टमाआयोजितअन्तरराष्ट्रिय सम्मेलनको प्रारम्भिकसत्रलाई शुक्रबार सम्बोधन गर्दै परराष्ट्र सचिव भरतराज पौड्यालले दक्षिण तथा मध्य एशियाबीच पारस्परिक सहयोगका अथाह सम्भावना रहेका बताउनुभयो ।

उहाँले मानव सभ्यताको प्रारम्भदेखि नै दुवै क्षेत्रबीच ऐतिहासिक सम्बन्ध रहेको चर्चा गर्दै कोभिड-१९ र जलवायु परिवर्तनका कारण थपिएका चुनौतीका सामना गर्न दुवै क्षेत्रबीच सहकार्य अपरिहार्य भएकामा जोड दिनुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

# मर्स्याङ्दी घट्ने आशमा मनाङवासीको दिन कट्दै

–नवीन लामिछाने
मनाङ, १ साउन (रासस)

मनाङमा गत जेठ अन्तिममा ठूलो वर्षा भयो । वर्षापछि जिल्लावासी एकै ठाउँमा कोचिएर बस्नुपर्ने बाध्यता आयो । एउटै कोठामा ४५ जनासम्म । बाढी र पहिरामा परेपछि घरबाट जे-जति खानेकुरा ल्याउन भ्याएका छन्, त्यही बाँडीचुँडी खान बाध्य छन्, उनीहरू।

कोभिड-१९ को जोखिमको समयमा यी ४५ जनाको एउटै मेसमा बस्नुपर्ने बाध्यता छ, जहाँ सबैका लागि एकैचोटी खाना पाक्छ। घरबाट ल्याएको खानेकुरा सकिँदैछ। फेरि घर गएर ल्याउने अवस्था छैन, गइहाल्यो भने पनि फर्केर आउने केही टुङ्गो नै छैन । मनाङका बाढी प्रभावितलाई बस्ने र खानेकुराभन्दा बढी समस्या अहिले खानेपानीको छ । "मनाङवासी आकाशे पानीको भरमा जीवनयापन गरिरहेका छन्", सदरमुकाम चामेस्थित नवनिर्मित कारागार भवनमा बसेकी मालती घलेले भन्नुभयो, "खानेपानीको समस्या छ, तिर्खा लाग्यो भने आकाशको पानी भरेर खान्छौँ, खानेकुरा पनि सकिँदैछ। अब के खाने, कसरी जोहो गर्ने केही थाहा छैन ।" लगातार चार दिन परेको पानीले जेठ दोस्रो साता तिमाङ छहराको पुल बगायो, जसले मनाङमा आवतजावत बन्द भयो। ठेकेदारले भर्खरै निर्माण सम्पन्न भएको यो भवन हस्तान्तरण गर्न बाँकी भएकाले सञ्चालनमा आएको थिएन। यही भवन अहिले चामेका बाढी पीडितलाई राख्नमा सदुपयोग भएको छ । यस भवनमा करिब ३०० जना बसेका छन्, भवनको एउटा कोठामा ४५ जनासँगै कोच्चिएर मालती पनि बस्न बाध्य हुनुभएको छ।

चामेको घट्टेखोला र च्याङ्टेखोलाको बाढीले १० घर पूर्णरूपमा क्षति भएको छ । त्यस क्षेत्रका कयौँ मानिस विस्थापित भइसकेका छन् । अरु बेला सानो कुलोजस्तो देखिने यी दुई खोलाले अहिले चामे बजारलाई तहसनहस बनाएको छ। कारागारमा बसेका केही स्थानीयवासी घर जान चाहन्छन् तर उनीहरु गइहाले पनि फेरि फर्किन सक्ने अवस्था छैन। बाढीले मनाङमा मात्रै एक हजार बढी मानिस विस्थापित भएका छन् । चामेको कारागार भवनमा नअटाएका विस्थापितलाई त्यही वरिपरि टेन्ट टाँगेर राखिएको छ । सेनाको हेलिकप्टरबाट उद्धार गरिएका जोखिम क्षेत्रका प्रभावितलाई पनि चामेमै राखिएको छ । कोही आफन्तको घरतिर लागेका छन् भने कोही जङ्गल छेउछाउमा टेन्टमै बस्न बाध्य छन् । टेन्टमा ज्येष्ठ नागरिक, बालबालिका, गर्भवती महिला पनि रहेका छन् । जिल्लाको चिसोमा उनीहरूको जीवनयापन थप कष्टकर बन्दै गएको छ। उनीहरुको स्वास्थ्यमा समस्या आउन सक्ने देखिएको मालतीले बताउनुभयो । "नियमित औषधि खानुपर्ने बाबाआमाको औषधि पनि सकिन लागेको छ, दीर्घरोगीका लागि राहतसँगै औषधि ल्याइदिए अझै उपयुक्त हुने थियो", उहाँले भन्नुभयो । सरकारले बाढी प्रभावितका लागि राहत र उद्धारमा पर्याप्त काम नगरेको उहाँको गुनासो छ । सेनाको हेलिकप्टरबाट बाढी पीडितको उद्धार भए पनि खानेकुराको समस्या भएको उहाँको भनाइ छ। हेलिकप्टरबाट कम राहत आउँदा अभाव खड्किएको उहाँले बताउनुभयो । कारागार भवनमै बसेका चामेका बाढीपीडित पासाङ गुरुङले जीवनमै सबैभन्दा अप्ठ्यारो परिस्थिति आएको बताउनुभयो । "यस्तो होला भनेर हामीले कल्पना पनि गरेका थिएनौँ", उहाँले भन्नुभयो।

गाउँ नै पूरै डुबेको मनाङ प्रवेशद्वार तालका बाढीपीडितको अवस्था पनि उस्तै छ । गाउँमा रहेका ६५ घर पुरै डुबेका छन् भने स्थानीयवासी रातारात मर्स्याङ्दी वारी तालडाँडा र घेराङ गाउँको शरणमा पुगेका छन् । ताल गाउँका विस्थापितलाई पनि खाद्यान्न अभाव भएको छ। तालका ३०० विस्थापित भएका छन् । मीनकाशी गुरुङले भन्नुभयो, "हाम्रो गाउँका सबै घरका सामान बाढीले बगायो, अहिले पनि घर सबै मर्स्याङ्दीले डुबाएको छ।" असार १ गते नै राति घरघरमा पानी आएपछि उनीहरू भागेर तालडाँडा पुगेका थिए । तालडाँडामा एउटा मात्रै रेष्टुराँ छ, त्यहीँ बसेर उनीहरूले पहिलो रात काटेका थिए । बाढीले पूरै डुबान भएपछि जङ्गल, डाँडा र ओडारमा बास बसेर ज्यान जोगाएको तालकी स्थानीय सीता गुरुङले बताउनुभयो । "गाउँतिर फर्केर हेर्दा मन भक्कानिन्छ, माथिबाट यति ठूलो बाढी आउँछ भनेर कल्पनासमेत गरेका थिएनौँ, एक्कासि बाढीले घर डुबायो र घरबारविहीन बनायो, जेनतेन ज्यान बचाउन सकियो, कहिले मर्स्याङ्दीमा पानी घट्ला र घर गएर केही सामान खोजेर ल्याउँजस्तो हुन्छ, नदीमा हेर्‍यो, पानी घटेकै देखिँदैन", उहाँले भन्नुभयो।

तालका बाढीपीडितलाई पनि खान र बस्नको समस्यामा छन् । घरबाट धेरैजसोले खानेकुरा र कपडासमेत निकाल्न सकेनन् । भएका खानेकुरा पनि सकिनै लागेको उहाँले बताउनुभयो । निरन्तर पानी परेकाले जाडो बढे पनि उनीहरुसँग ओढ्ने, ओच्छ्याउने कपडाको समेत अभाव देखिएको छ। "सरकार छ जस्तो लाग्दैन, मनाङ अर्कै देश होजस्तो व्यवहार भएको छ, अहिलेसम्म सरकारले केही पनि राहत ल्याएको छैन", उहाँले भन्नुभयो। बाढी आउँदा सदरमुकाम चामेका केही स्थानीयवासी सामान्य घाइते समेत भएका थिए । तालगाउँका पनि केही मानिस घाइते भएको नासों गाउँपालिकाका अध्यक्ष चन्द्र घलेले बताउनुभयो । अपाङ्गता भएका र ज्येष्ठ नागरिक घाइते भएकाले उनीहरूको उद्धार गरी अन्यत्र लैजानुपर्ने अवस्था रहेको सीताले बताउनुभयो । तालडाँडामा विस्थापित भएका ताल गाउँवासीले उक्त ठाउँबाट अन्यत्र लगेर राखीदिन सरकारसँग आग्रह गरेका छन् । "हामीलाई यहाँबाट अलि सजिलो ठाउँमा टेन्ट लगाएर बस्ने व्यवस्था गरिदिए हुन्थ्यो, यत्रो दिन भइसक्यो, न निदाउन पाएका छौँ, न राम्ररी खाना नै पाएका छौँ, दिनरात नै जागा बस्नुपरेको छ", उहाँले भन्नुभयो।

बाढी र पहिरोका कारण मनाङको चामे, धारापानी, ताल, हुम्डे, पिसाङ, नार्पाभूमिलगायत स्थानका बासिन्दा सबैभन्दा धेरै जोखिममा छन् । झोलुङ्गे पुल बगाइएका छन् भने मोटरेबल पुल उच्च जोखिममा छन् । गोरेटो बाटोमा पनि पहिरोले निशाना मेटिएको छ। चामेबाट तल बेसीशहरतर्फ झर्ने त्यही एउटा मात्रै बाटो हो, यसबाहेक उनीहरूसँग अर्को विकल्प नै छैन । मनाङमा आठ वटा झोलुङ्गे पुल, तीनवटा काठे पुल र एउटा मोटरेबल पुल बगिसकेको छ भने तिमाङ र चामेको लघु जलविद्युत् आयोजना बाढीले बगाएको छ। राष्ट्रिय प्रसारण लाइन लगेको बिजुलीका पोलसमेत ढलेका छन् । जसले गर्दा मनाङ अन्धकार भएको छ। बिजुली नहुँदा चामेबाहेक अन्य गाउँमा टेलिफोनको टावरसमेत सञ्चालनमा आउन नसकेको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले बताउनुभयो। त्यस कारण गाउँसँगको सम्पर्क टुटेको छ, स्थलमार्गबाट आवतजावत अवरुद्ध भएको प्रजिअ लामिछानेले बताउनुभयो।

बाढीपीडितलाई खाद्यान्न वितरण भइरहेको भन्दै उहाँले खाद्यान्न अभाव नरहेको बताउनुभयो । खानेपानीको समस्या भने मनाङमा उच्च रहेको उहाँको भनाइ छ । "सहयोगदाताबाट प्राप्त खाद्यान्न बाँडिरहेका छौँ, जिल्लामा खाद्यान्न अभाव हुन दिदैनौँ", प्रजिअ लामिछानेले भन्नुभयो, "खानेपानीको मुहान नै देखिएको छैन, खानेपानी आपूर्तिको प्रक्रिया नै देखिँदैन।"

# शहरोन्मुख गलकोट बसपार्कविहीन

–रामबहादुर थापा
बागलुङ, १ साउन (रासस)

शहरउन्मुख गलकोट नगरपालिका बसपार्कविहीन छ । सडकका छेउछाउ सवारसाधन पार्किङ गर्नुपर्ने स्थिति छ । बढ्दो आवादी र पूर्वाधार विकाससँगै सवारीको चाप बजार क्षेत्रमा छ । ट्राफिक व्यवस्थापन चुस्त नहुँदा बटुवासमेतलाई सास्ती छ।

गलकोट नगरपालिकासँग भने बसपार्क बनाउन जग्गा नभएको बनिबनाउ जवाफ मात्र छ । बजार क्षेत्रमा सार्वजनिक जग्गै नभएको र निजी जग्गा किन्नै नसकिने नगरप्रमुख भरत शर्मा गैरेले बताउनुभयो । यसअघि वडा नं १ र ९ को वडा कार्यालय भवनका लागि जग्गा व्यवस्थापन गर्दा लामो झण्झट व्यहोर्नुपरेको उहाँले सुनाउनुभयो। जग्गा अभावकै कारण कतिपय पूर्वाधारका काम रोकिएका छन्। "बसपार्कका लागि जग्गाको खोजी भइरहे पनि पाइएको छैन", उहाँले भन्नुभयो।

हटिया बजार नजिकै खाल्डेखोलामा अस्थायी बसपार्क बनाउने भनिए पनि त्यसले पनि साथर्कता पाउन सकेको छैन । वडा नं ३ का अध्यक्ष वीरजङ्ग भण्डारीले बसपार्क नहुँदा ट्राफिक व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको बताउनुभयो । गलकोटको मुख्य व्यापारिक केन्द्र हटियामा बजारीकरण तीव्र छ । मध्यपहाडी पुष्पलाल लोकमार्गले छिचालेपछि त्यसक्षेत्रमा बसाइँ सर्नेको सङ्ख्या पनि उत्तिकै छ । पहिले लोकमार्गमा दोहोरो पार्किङसमेत हुने गरेकामा अहिले केही सुधार गरिएको वडाध्यक्ष भण्डारीको भनाइ छ।

ट्राफिक प्रहरी र वडा कार्यालय मिलेर बजार व्यवस्थापनमा काम गरिरहेका छन् । व्यवस्थित बसपार्क, जीपपार्क नहुँदासम्म समस्या हल नहुने स्थानीयवासी बताउँछन्। अस्तव्यस्त ट्राफिकका कारण दुर्घटनाको जोखिम पनि उत्तिकै छ । ट्राफिक व्यवस्थापन नहुँदा बजारको सौन्दर्य पनि विरुप बन्दै गएको छ। सडक किनारमा ट्याक्सीलगायत साना सवारी पनि लहरै पार्किङ भइरहेको देखिन्छ। नगरपालिकाको स्रोतले भ्याएसम्मको मूल्यमा जग्गा पाए लगानी गर्न आफूहरु तयार रहेको नगरप्रमुख गैरेले बताउनुभयो । हटिया बजार र मजुवा फाँट आसपासमा जग्गाको भाउ चर्को छ। मजुवामा सातदेखि १० लाख हातमा जग्गा बिक्री भइरहेको छ।

हटिया बजार र लोकमार्गको छेउछाउ त भाउ छोइनसक्नु छ । निजी जग्गा खरीद गर्दा पनि मूल्य निर्धारणलगायत अन्य प्रक्रिया झण्झटिलो हुने गरेको नगरप्रमुख गैरेको अनुभव छ। नगरपालिकाले आफ्नै भवन निर्माणका लागि दुई वर्ष लगाएर हालै मात्र वडा नं ६ मजुवा फाँटमा जग्गा व्यवस्थापन गरेको छ। जग्गा नहुँदा हटियामा बस्ने मुश्लिम समुदायले चिहानघाटसमेत बनाउन सकेका छैन । अहिले पनि उनीहरुका दिवङ्गतजनलाई सदरमुकाम नजिकको कालिगण्डकी नदी किनारामा ल्याउनुपर्ने बाध्यता छ। सार्वजनिक जग्गा अभावमा अत्यावश्यक पूर्वाधार र संरचनाको कामसमेत प्रभावित हुँदै आएको छ । जग्गा नहुँदा नगरको फोहर व्यवस्थापन योजनासमेत अलपत्र छ।

खोला किनारमा रहेको सार्वजनिक जग्गा पनि मिचेर निजीकरण गरिएको छ। जङ्गल र पाखो क्षेत्रमा सार्वजनिक जग्गा भए पनि नगरको केन्द्र आसपासमा छैन । बढ्दो बस्ती विकासले जग्गा झन् खुम्चँदै गएको छ। कुनै ताका हराभरा देखिने मजुवाको फाँटमा अहिले धमाधम घर ठडिदैँ छन् । नगरपालिकाभित्र रहेको सार्वजनिक जग्गाको कुनै लिखत छैन । मध्यपहाडी लोकमार्ग आसपासमा मापदण्ड मिचेर घरटहरा बनाउने क्रम रोकिएको छैन । सार्वजनिक जग्गाको पहिचान र संरक्षणमा नगरपालिका लाग्नुपर्ने आवाज उठ्न थालेको छ।

# वैदेशिक रोजगारीमा जाने श्रमिकलाई खोपको सुनिश्चित गर्न आग्रह

रासस
काठमाडौं, १ साउन

राष्ट्रिय मानव अधिकार आयोगले वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकका लागि गन्तव्य देशमा जानु अगाडि स्वदेशमै एक पटकमात्र लगाए हुने खोपको व्यवस्था गर्न सरकारसँग आग्रह गरेको छ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले आज जारी गरेको प्रेस विज्ञप्तिमा गन्तव्य मुलुकले समेत मान्यता दिएको कोभिड-१९ को जोखिमबाट बच्न सकिने खोप लगाउने वा अन्य वैकल्पिक व्यवस्था गर्न आग्रह गरिएको छ । गन्तव्य मुलुकमा नेपाली श्रमिकलाई पर्नसक्ने कठिनाइको न्यूनीकरणका लागि आवश्यक सहजीकरण गरी नेपाली श्रमिकको मानव अधिकारको संरक्षण गर्नुपर्नेमा जोड दिइएको छ। श्रम गन्तव्य मुलुकहरूमा कोभिड-१९ महामारी नियन्त्रणका सम्बन्धमा उल्लेखित व्यवस्थाका कारण वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकलाई आर्थिक व्ययभार बढ्ने देखिएको छ । यसै सन्दर्भमा वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकलाई कोभिड-१९ विरुद्धको खोप तत्काल व्यवस्थापन गर्न कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रलगायत अन्य सम्बन्धित निकायलाई आयोगले पत्राचार गरेको छ । कोभिड-१९ को दोस्रो लहरको अवस्थामा पनि कतार, साउदी अरबलगायतका नेपाली आप्रवासी श्रमिकको प्रमुख गन्तव्य मुलुकहरूमा कोभिड-१९ महामारी नियन्त्रणका लागि खोप नलगाई प्रवेश गरेका नेपाली श्रमिकलाई तोकिएको समय अनिवार्य क्वारेन्टिन बस्नुपर्ने, पीसीआर परीक्षण गर्नुपर्ने तथा पीसीआर परीक्षण नेगेटिभ आए पनि क्वारेन्टिनमा रहनैपर्ने व्यवस्था भएका स्वास्थ्य निर्देशिका लागू गरिएको पाइएको छ।

कोभिड-१९ महामारीमा नेपाली आप्रवासी श्रमिकको मानव अधिकारको अवस्था सम्बन्धमा गतवर्षदेखि नै अध्ययन तथा अनुगमन गर्दै आइरहेको आयोगले जनाएको छ। आयोगले गरेको अध्ययन तथा अनुगमनबाट गन्तव्य देशमा एकतर्फी रूपमा करार भङ्ग गर्ने, बेतलवी बिदामा बस्न बाध्यपार्ने, कामबाट निष्कासन गर्ने, पूरा तलब/सुविधा भुक्तानी नदिने, जबरजस्ती श्रममा लगाउने, मापदण्डभन्दा बढी समय वा जोखिमयुक्त काममा लगाउनेलगायतका तथ्यहरू प्राप्त भएका थिए । उक्त तथ्यहरूको आधारमा आयोगले आप्रवासी श्रमिकलाई उद्धार, स्वदेश फिर्ती तथा पुनःएकीकरण गराई उनीहरूको मानव अधिकार संरक्षणका लागि आवश्यक पहल गर्न सरकारलाई सिफारिस गरेको थियो।


# वैदेशिक रोजगारीमा जाने श्रमिकलाई खोपको सुनिश्चित गर्न आग्रह

रासस
काठमाडौं, १ साउन

राष्ट्रिय मानव अधिकार आयोगले वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकका लागि गन्तव्य देशमा जानु अगाडि स्वदेशमै एक पटकमात्र लगाए हुने खोपको व्यवस्था गर्न सरकारसँग आग्रह गरेको छ । आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले आज जारी गरेको प्रेस विज्ञप्तिमा गन्तव्य मुलुकले समेत मान्यता दिएको कोभिड-१९ को जोखिमबाट बच्न सकिने खोप लगाउने वा अन्य वैकल्पिक व्यवस्था गर्न आग्रह गरिएको छ। गन्तव्य मुलुकमा नेपाली श्रमिकलाई पर्नसक्ने कठिनाइको न्यूनीकरणका लागि आवश्यक सहजीकरण गरी नेपाली श्रमिकको मानव अधिकारको संरक्षण गर्नुपर्नेमा जोड दिइएको छ।

श्रम गन्तव्य मुलुकहरूमा कोभिड-१९ महामारी नियन्त्रणका सम्बन्धमा उल्लेखित व्यवस्थाका कारण वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकलाई आर्थिक व्ययभार बढ्ने देखिएको छ।



# भीरकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# बयरघारी, स्याङ्जा

## आन्तरिक आय संकलन (सडक उपयोग सेवा शुल्क) सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०७८/०४/०२**

**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (२) (घ) र भीरकोट नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा १२अनुसार यस नगरपालिकाबाट आर्थिक वर्ष २०७८/७९ को लागि देहाय बमोजिमका ग्रामिण सडकहरूमा सडक उपयोग सेवा शुल्क (पटके सवारी कर) संकलन गर्नुपर्ने भएकोले ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरूबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारका सडकहरूको सिलबन्दी दरभाउपत्र खरिद गरि पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिनेछैन ।**

**ठेक्का सम्बन्धी विवरण**

| क्र.स | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | सडकको नाम | आ.ब. २०७८/०७९ को लागि मु.अ.कर बाहेक कायम न्यूनतम अंक रू | दरभाउपत्र फाराम दस्तुर | स्वीकृत दररेट प्रति ट्रिप (मु.अ.कर बाहेक) | जमानत रकम रू |
|---|---|---|---|---|---|---|---|
| १ | 1/IR/BM/2078/079 | भीरकोट नगरपालिका क्षेत्रभित्रका सडकहरूमा चल्ने सवारी साधनहरूको सडक उपयोग सेवा शूल्क (पटके सवारी कर) | क)बयरघारी-बगरेबजार-ढापुकपर्वत ग्रा.स. ख) बयरघारी-बगरेबजार-मोहनडाँडापर्वत ग्रा.स. ग)बयरघारी-बगरेबजार-स्वरेकटापु ग्रा.स. घ) बयरघारी-पुलकोमुख-चुनडाँडा-तिसेदी ग्रा.स. | ४,००,०००/- (अक्षरेपी चार लाख रूपैयाँ मात्र) | रू १००० | क) ट्रक, टिप्पर र डोजरको रू २००/- ख) ट्याक्टरको रू १५०/ ग) बस तथा मिनि बसको रू १००/-, घ) जिप, कार, भेन समेतका चार पाग्रे सवारी साधनको रू ४०/- | कबोल अंक (मूल्य अभिवृद्धि कर समेत) को अंकको ५ प्रतिशत |
| २ | 1/IR/BM/2078/079 | | क) हेलु-बलमाटा-अर्जुनचौपारी ग्रा.स. | ९,२१,०००/- (अक्षरेपी नौ लाख एकाइस हजार रूपौया मात्र) | रू १००० | | |
| ३ | 3/IR/BM/2078/079 | | क) बयरघारी-जगतपुर-केघा ग्रा.स., ख) दार्सिङ्ग-केघाग्रा.स., ग) बयरघारी-बानेथोक-बिरूवा ग्रा.स., घ) छाङ्गछाङ्गदी-दभुङ्गठाटी ग्रा.स. | २,६०,०००/- (अक्षरेपी दुइ लाख साठी हजार रूपौया मात्र) | रू १००० | | |

**नोटः**

**ठेक्का सम्बन्धी विस्तृत जानकारीको लागि भीरकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बयरघारी, स्याङ्जाको वेबसाईट** www.bheerkotmun.gov.np, **टेलिफोन नं. ०६३-४००१०६, ईमेल ठेगाना** info@bheerkotmun.gov.np **मा सम्पर्क राख्न सकिनेछ ।**

**प्रमुख प्रशासकीय अधिकृत**